"सवत्र वैभव, सभ्यता र स्वाभिमान; जनजनको पौरख, शैलुङको निर्माण"

# शैलुङ गाउँपालिका
Shailung Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

काटाकुटी, दोलखा
Katakuti, Dolakha
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

पत्र संख्या/ Ref. No.: ०७८/७९
चलानी नं./Dispatch No.:-

मिति/Date: २०७८/०७/३०

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रस्तुत विषयमा आ.व. २०७८/०७९ को लागी सशर्त अनुदान तर्फका बार्षिक स्वीकृत कार्यक्रमहरु कार्यान्वयन गर्नु पर्ने भएकाले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र कृषक समुह/ कृषि फर्म/ सहकारीहरु बाट देहायका कागजातहरु संलग्न गरी शैलुङ गाउंपालिकाको कृषि विकास शाखामा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| कार्यक्रम को नाम | स्थान | संलग्न गर्नुपर्ने कागजात |
|---|---|---|
| १) आ.ब.२०७७/७८ मा स्थापना भएका कृषि तर्फका साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरता | वडा नं ३, १,४,५,६,८ (पहिला स्वीकृत भएका फर्म तथा कृषि सहकारी ,समुह मात्र ) | १.सम्बन्धित निकायमा कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।<br>२ कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी (आ.व २०७७/२०७८)<br>३.समूह/सहकारी/संस्था/समिति/कृषि फर्मको निवेदन ।<br>४.संस्थागत निर्णयको प्रतिलिपि ।<br>५.वडा कार्यालयको सिफारिस । |
| २) आलु बालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन | सबै वडा | १.सम्बन्धित निकायमा कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।<br>२.कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन/) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौता हुनु पर्ने ।<br>३. कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि (आ.व २०७७/२०७८)<br>४.निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।<br>५.संस्थागत निर्णयको प्रतिलिपि ।<br>६.वडा कार्यालयको सिफारिस पत्र ।<br>७.अनुसूची ७ बमोजिमको विवरण (सम्बन्धित अनुसुचि वडामा प्राप्त हुने )<br>८.कम्तीमा ७ हेक्टर (१४० रोपनी ) भएको जग्गा हुनु पर्ने । |
| ३) वीउ आलु उत्पादान कार्यक्रम | सबै वडा | १) सम्बन्धित निकायमा कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।<br>२) कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि (आ.व २०७७/२०७८)<br>२) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।<br>३) वडा कार्यालयको सिफारिस पत्र ।<br>४) न्युनतम १ हेक्टर (२० रोपनी) को जग्गा हुनु पर्ने । |
| ४) फलफुल दशक विरुवा रोपण कार्यक्रम | सबै वडा | १. सम्बन्धित निकायमा कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।<br>२. कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि (आ.व २०७७/२०७८)<br>३.निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।<br>४. स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि |

थप .जानकारीको लागी सम्पर्क नं ९८४९७३९९८६

सन्तोष दाहाल
प्रमुख प्रशासकीय अधिकृत